मिति: २०८३/०३/०६ नेसं. ११४६ तछलाथ्व ६ शनिबार बैठक संख्या - १३

आज मिति २०८३/०३/०६ गते शनिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को तेह्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........
३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन..........
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........
५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........
६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........
७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........
८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........
९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........
१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........
११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........
१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........
१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........
१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........
१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........
१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........
१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे ..........
१८. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी ..........
१९. सहयोगी श्री दिपेन्द्र योक्पाङदेन..........
२०. कार्यालय सहयोगी श्री विवेका योङहाङ..........

२०८३/०३/०६

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०३/०६ ने.सं. ११४६ तछलाथ्व ६ शनिबार बैठक संख्या - १३

**<u>प्रस्तावहरु :-</u>**

१. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय तथा प्रतिवेदन, २०८३ स्वीकृति सम्बन्धमा।
२. राजस्व परामर्श समितिको निर्णय तथा प्रतिवेदन स्वीकृति सम्बन्धमा।
३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय तथा प्रतिवेदन स्वीकृति सम्बन्धमा।
४. बार्षिक नीति तथा कार्यक्रम स्वीकृति सम्बन्धमा।
५. अर्थ विधेयक, २०८३ स्वीकृति सम्बन्धमा।
६. विनियोजन विधेयक, २०८३ स्वीकृति सम्बन्धमा।
७. बर्षादको कारण विग्रेका मोटरबाटो सरसफाई तथा विपद सामाग्री वितरण सम्बन्धमा।
८. दलित छात्रवृत्ति तथा प्रोत्साहन सम्बन्धी मापदण्ड २०८३ स्वीकृत सम्बन्धमा।
९. विभिन्न विधेयक स्वीकृति सहित सभामा पेश गर्ने सम्बन्धमा।
१०. सभाको कार्यसुची स्वीकृति सम्बन्धमा।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०३/०६ ने.सं. ११४६ तछलाथ्व ६ शनिबार बैठक संख्या - १३

**निर्णय नं. - १**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित विवरणको खाका तथा बजेट सिमा निर्धारण गर्न गठित हिलिहाङ गाउँपालिकाको श्रोत अनुमान तथा सिमा निर्धारण समितिले विभिन्न मितिमा गरेको निर्णय तथा तयार गरेको बजेट सिमा तथा मार्गदर्शन सहितको श्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रतिवेदन, २०८३ स्वीकृत गर्ने।

**निर्णय नं. - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिले राजस्व संकलन सम्बन्धि गरेको निर्णय तथा आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि राजस्वका श्रोत, दायरा र दर निर्धारण गरी राजस्व परिचालन संकलनको संभाव्यता तथा समस्या सम्बन्धमा परामर्श सहित गरी तयार गरेको राजस्व परामर्श समितिको प्रतिवेदन, २०८३ लाई परिमार्जन सहित पारित गर्ने।

**निर्णय नं. - ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६७ बमोजिम स्थानीय श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आयको प्रक्षेपण र वितरणको खाका र बजेट सिमामा आधारित भई स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न गठित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिले बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धी गरेको विभिन्न निर्णय तथा बार्षिक प्रतिवेदनलाई परिमार्जन सहित स्वीकृत गर्ने।

**निर्णय नं. - ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ उपदफा २ (क) मा भएको व्यवस्था बमोजिम बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्रस्ताब गरेको यस हिलिहाङ गाउँपालिकाको आगामी आ.व २०८३।०८४ को बार्षिक नीति तथा कार्यक्रममाथि दफावार छलफल तथा स्वीकृति सहित पारितको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. - ५**

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा भएको व्यवस्था बमोजिम स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अनिवार्य रुपमा अर्थ विधेयक पनि सँगै पेश गर्ने व्यवस्था भए बमोजिम आगामी आ.व २०८३।०८४ को लागि राजस्व, कर, दस्तुर तथा शुल्क लगाउने र संकलन गर्ने प्रयोजनका तयार गरिएको आर्थिक विधेयक, २०८३ माथि दफावार छलफल तथा स्वीकृति सहित पारितको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. - ६**

नेपालको संविधानको धारा २२९(२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा भएको कानूनी व्यवस्था बमोजिम स्थानीय तहले स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्न अख्तियारी प्रदान गर्ने सम्बन्ध ऐनको

विधेयक यस हिलिहाङ गाउँपालिकाको आगामी आ.व २०८३।०८४ को विनियोजन विधेयक, २०८३ माथि दफावार छलफल तथा स्वीकृति सहित पारितको लागि गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं. - ७**

मिति २०८३।०३।०४ गते राति खण्ड बृष्टि सहितको अत्याधिक वर्षाका कारण हिलिहाङ गाउँपालिका वडा नं. ३ र वडा नं ५ बाढी पहिरो कारण आवत जावत गर्ने रोडहरु पुर्ण रुपमा क्षति भई आवत जावतमा पुर्ण रुपमा समस्या भएकोले तत्काल सरसफाई गर्न आवश्यक रहेकोले ५ नं वडा अन्तरगतका बाटोहरुको पालिकाको बेक हो लोडरबाट नै सरसफाईको कार्य गरि प्राविधिक लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदनका आधारमा डिजेल बापतको रकम पेट्रोल पम्पलाई भुक्तानि दिने साथै ३ वडा अन्तरगतका मोटरबाटोहरु प्राविधिक लागत अनुमानका आधारमा सोझो खरिद प्रकृयाबाट तत्काल बढाई सरसफाई गर्ने कार्य सम्पन्न गरी दुबै वडाको भुक्तानी प्रकोप व्यवस्थापन कोषबाट दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने साथै विपदबाट विस्थापित परिवारलाई पुन:स्थापना गर्न आवश्यक त्रिपाल, लता कपडा, चामल, दाल, तेल लगायतका सामाग्रीहरु स्टोरमा भए स्टोरबाट नभएमा तत्काल खरिद गरि वितरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ८**

नेपालको संविधानको धारा ५७, अनुसूची–८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ज) तथा दफा १०२ ले प्रदान गरेको अधिकार प्रयोग गरी हिलिहाङ गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने सामुदायिक विद्यालयमा अध्ययनरत दलित विद्यार्थीहरूको शैक्षिक पहुँच सुनिश्चित, विद्यालय शिक्षामा निरन्तरता कायम तथा गुणस्तरीय शिक्षामा सहभागिता अभिवृद्धि गर्नका लागि यस गाउँपालिका अन्तर्गत सञ्चालित कक्षा ११ र १२ का दलित समुदायका विद्यार्थीहरुका लागि कानून मस्यौदा समितिमा दफादार छलफल भई आएको छात्रवृत्ति तथा प्रोत्साहन सम्बन्धी मापदण्ड २०८३ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ९**

हिलिहाङ गाउँपालिकाले आफ्नो कार्यसञ्चालन तथा व्यवस्थापनलाई सहज बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा भएको व्यवस्था प्रयोग गर्दै कानून मस्यौदा समितिले कार्यपालिकाको स्वीकृति लिंदै दफादार छलफल सहित गर्दै कार्यपालिकाको राय समेत लिई अन्तिम रुप दिएका देहायका विधेयकहरुलाई स्वीकृत गरि सभामा पारितका लागि पेश गर्ने ।

देहाय :

१. हिलिहाङ गाउँपालिकाको बेरुजु फछ्यौंट सम्बन्धी कार्यविधि विधेयक, २०८३
२. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८३
३. योगदानमा आधारित सामाजिक सुरक्षा कोष विधेयक, २०८३
४. स्थानीय न्यायिक कार्यविधि विधेयक, २०८३

मिति: २०८३/०३/०६ ने.सं. ११४६ तछलाथ्व ६ शनिबार बैठक संख्या - १३

**निर्णय नं. - १०**

हिलिहाङ गाउँपालिका गाउँ सभाको २० औं अधिवेशनको दोश्रो तथा तेश्रो बैठकमा देहाय बमोजिमको कार्यसुची स्वीकृत गर्ने ।

देहाय:

१. समसामयिक विषयमा छलफलका लागि शुन्य सम्बन्धमा ।
२. नीति तथा कार्यक्रम प्रस्तति तथा पारित गर्ने सम्बन्धमा ।
३. अर्थ विधेयक, २०८३ सभामा पेश गर्ने सम्बन्धमा ।
४. विनियोजन विधेयक, २०८३ सभामा पेश गर्ने सम्बन्धमा ।
५. हिलिहाङ गाउँपालिकाको बेरुजु फछ्यौंट सम्बन्धी कार्यविधि विधेयक, २०८३ सभामा पेश गर्ने सम्बन्धमा ।
६. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८३ सभामा पेश गर्ने सम्बन्धमा ।
७. योगदानमा आधारित सामाजिक सुरक्षा कोष विधेयक, २०८३ सभामा पेश गर्ने सम्बन्धमा ।
८. स्थानीय न्यायिक कार्यविधि विधेयक, २०८३ सभामा पेश गर्ने सम्बन्धमा ।

**" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "**

**Official Website:** www.hilihangmun.gov.np **Email Address:-** hilihangruralmun@gmail.com